**देवचुली नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
**प्रगतिनगर, नवलपरासी (बर्दघाट, सुस्ता पूर्व)**
**गण्डकी प्रदेश, नेपाल**

**प.स.: ०७६/०७७**
**च.न.: २५२३**

**मिति : २०७७/०१/२८**

**देवचुली नगरपालिका शिक्षा शाखाको यस नगरपालिका भित्रका सामुदायिक तथा संस्थागत विद्यालयहरुलाई निर्देशन**

१) शैक्षिकसत्र २०७६ को सिकाई उपलब्धि कक्षागत/विषयगत देवचुली नगरपालिकाको शिक्षा शाखामा जेष्ठ महिनाको पहिलो हप्ताभित्र बुझाउनुपर्ने ।

२) शैक्षिकसत्र २०७६ को परिक्षाफल विश्लेषण गरी कमजोर सिकाई उपलब्धि भएका विषयहरुको शैक्षिकसत्र २०७७ मा सिकाई उपलब्धि वृद्धि गर्न शिक्षण सुधार योजना प्रत्येक शिक्षकलाई बनाउन लगाउने ।

३) सिकाई उपलब्धि कमी आउनुका कारण विश्लेषण गर्न लगाउने ।

४) परिक्षामा सम्मिलित भएका विद्यार्थीको विवरण २०७६ Emis मा update गरी upload तुरुन्त गर्नुपर्नेछ ।

५) नेपाल सरकार शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयबाट निर्देशन भए अनुसार समाजिक/नैतिक शिक्षा विषयलाई अनिवार्य कक्षा १० सम्म नेपाली भाषामा अध्ययन अध्यापन गराउने ।

६) देवचुली नगरपालिकाको नगर शिक्षा ऐन २०७६ परिच्छेद ६ को ४ नं. बुदाँ अनुसार “नगरपालिका भित्रका सवै सामुदायिक तथा संस्थागत विद्यालयहरुले एउटै पाठ्यपुस्तक र एउटै क्यालेण्डर लागु गर्नुपर्नेछ” बुदाँ नं ५ अनुसार “नगरपालिका क्षेत्रभित्रका अंग्रेजी भाषामा पढाईहुने सवै सामुदायिक तथा संस्थागत विद्यालयहरुले नैतिक शिक्षा र सामाजिक शिक्षाको पढाई नेपाली भाषामा नै गर्नुपर्नेछ” । उक्त बुदाँहरुको अनिवार्य कार्यान्वयन गर्नुपर्ने छ ।

७) गतवर्ष बसेको नगर शिक्षा समिति र प्र.अ हरुको सयुक्त बैठकमा निर्णय भएअनुसार सामाजिक तथा नैतिक शिक्षा नेपाली भाषामा कक्षा १० सम्म अनिवार्य लागु गर्नुपर्ने ।

८) आगामी वर्षको कक्षा ८ को BLE परीक्षामा नेपाली भाषामा पढाई हुने विषयको प्रश्नपत्र नेपाली माध्यममा मात्र हुनेछ ।

९) नगरपालिका भित्रका सवै विद्यालयहरुले पाठ्यक्रम विकास केन्द्रबाट स्वीकृत पाठ्यसामग्री, पाठ्यपुस्तक जनक शिक्षा सामग्रीको प्रयोग गर्नुपर्नेछ ।

१०) आ.व २०७६/०७७ मा सामुदायिक विद्यालयलाई परेका विविध कार्यक्रमको लागी निकाशा भएको रकमको नियमानुसार खर्च गरी पेश्की फछ्र्यौटका लागी विल भरपाईको फोटोकपी समेत लेखा शाखामा जेठ महिनाको दोस्रो हप्तामा पेश गर्नुपर्नेछ ।

११) हाल भर्ना अभियान रोकिएको अवस्थामा, विद्यालयको आन्तरीक कार्यहरु र परीक्षाफल विश्लेषण गर्न प्र.अ ले विषयगत शिक्षकलाई निर्देशन दिई काम गराउने तर विद्यार्थी भर्ना नगर्ने ।

१२) लकडाउनको अवस्था भएकोले पाठ्यपुस्तक व्यवस्थापन नभएको अवस्थामा पुस्तक व्यवस्थापन गर्दा ९ नं. बुदाँलाई ध्यान दिई गर्नुपर्नेछ ।

.......................
राम प्रसाद शर्मा
नगर शिक्षा प्रमुख
शिक्षा, युवा तथा खेलकुद शाखा